विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक २३७ ♦ २०८३ साल वैशाख २१ सोमवार ♦ 4 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## बर्दिवासको श्रवण थापा हत्या काण्ड : पतिको हत्या गरेको आरोप लागेकी एक महिला र उनकी दुई बहिनी सात वर्षपछि पक्राउ

**खबर दर्पण समाचारदाता**

**वैशाख २० गते, बर्दिवास**

'सार्प सुटर' प्रयोग गरेर आफ्नै पतिको हत्या गरेको आरोप लागेकी एक महिला र उनकी दुई बहिनीलाई महोत्तरी प्रहरीले सात वर्षपछि पक्राउ गरेको छ।

पक्राउ पर्नेमा महोत्तरीको बर्दिवास नगरपालिका-३ गौरीडाँडा निवासी ३८ वर्षीया पुजा थापा, उनकी बहिनीहरू गौरीडाँडाकै ३३ वर्षीया निशा बस्नेत (गौतम) र सिन्धुलीको कमलामाई नगरपालिका- ९ बस्ने ३६ वर्षीया आरती बस्नेत (थापा) छन्।

पुजाले ७ वर्षअघि आफ्ना पाँच बहिनी र आमाकोसमेत सहयोग लिएर सर्लाही र रौतहटका पाँचजना 'सार्प सुटर'हरूको प्रयोग गरी पति श्रवण थापा ( सरोज)को हत्या गरेको प्रहरी अनुसन्धानबाट खुलेको इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमले जानकारी दिए।

'हत्यापछि भारतमा बस्दै आएका उनीहरूलाई हामीले बाँकेको सीमा क्षेत्रबाट पक्राउ गरेर तीन दिनअघि महोत्तरी ल्याएका छौं,' डीएसपी बमले भने, 'हाल उनीहरूलाई जिल्ला प्रहरी कार्यालय महोत्तरीको



हिरासतमा राखेर थप अनुसन्धान कार्य भइरहेको छ।' यो घटनामा जोडिएका १२ जना अभियुक्तमध्ये चार जनालाई प्रहरीले त्यतिबेलै पक्राउ गरेको थियो। अझै मृतक सरोजकी सासु लक्ष्मी बस्नेत, सालीहरू कोपिला बस्नेत, अनुसा बस्नेत र सोनी बस्नेत तथा सार्प सुटर जाल मोहम्मद फरार रहेका प्रहरीले जनाएको छ।

घटना विवरण अनुसार ५ भदौ २०७६ को राति बर्दिवास-सिन्धुली सडक खण्डमा पर्ने बर्दिबास-३ को स्मृतिपार्क नजिकै ०२-००१ प ३०५४ स्कुटरसँगै श्रवण थापा घाइते अवस्थामा भेटिएका थिए। स्कुटरमा कुनै क्षति नभएको तर टाउकोमा गहिरो चोट लागेको अवस्थामा त्यतिबेला थापा गम्भीर घाइते अवस्थामा भेटिएका थिए। श्रवनलाई प्रहरीले उद्धार गरेर उपचारको लागि बर्दिवासको एक अस्पताल पुर्‍याउँनासाथ चिकित्सकले मृत घोषणा गरेका थिए। घटनाको प्रकृति हेर्दा सुरुदेखि नै श्रवणको सवारी दुर्घटनामा मृत्यु नभएको र घटना सुनियोजित हुनसक्ने अनुमान प्रहरीले गरेको थियो। पतिको मृत्युपछि उनकी पत्नी पूजाले नै कोरामा बसेर काजकिरिया सकेकी थिइन्। त्यही बिचमा प्रहरीले घटनाको सुक्ष्म ढंगले अनुसन्धान अघि बढाएको थियो।

हत्याको केही दिनअघि मात्रै श्रवणले गौरीडाँडाको एउटा जग्गा २० लाख रुपैयाँमा बेचेका थिए। आर्थिक कारणले नै उनको

बाँकी पृष्ठ ३ मा

## गैर-अभिभावकको हस्तक्षेपले विद्यालय व्यवस्थापन प्रभावित भएको आरोप

**खबर दर्पण समाचारदाता**

**वैशाख २० गते, बर्दिवास**

महोत्तरीको गौशाला नगर पालिका-५ स्थित त्रिभुवन माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा गैर-अभिभावक तथा राजनीतिक दलको प्रत्यक्ष हस्तक्षेप भएको भन्दै स्थानीय स्तरमा असन्तुष्टि बढेको छ। स्थानीय सरोकारवालाहरूले विद्यालयको हितभन्दा बाहिर गई राजनीतिक प्रभाव र स्वार्थ समूहको सक्रियता बढेको आरोप लगाएका छन्। उनीहरूका अनुसार अभिभावकको वास्तविक सहभागिता कमजोर पार्दै बाह्य हस्तक्षेपमार्फत समिति गठन प्रक्रिया प्रभावित गरिएको छ। यसअघि बजार व्यवस्थापनका विषयमा पनि यस्तै हस्तक्षेपका कारण अपेक्षित सुधार हुन नसकेको उल्लेख गर्दै स्थानीयवासीले पुनः विद्यालय क्षेत्रमा पनि अस्वस्थ चलखेल दोहोरिन नहुने बताएका छन्। गौशालाको समग्र विकासमा नकारात्मक असर पार्ने गतिविधि रोक्न सम्बन्धित निकाय, अभिभावक तथा जिम्मेवार पक्षले पारदर्शी र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्ने माग गरिएको छ।

विद्यालय तथा सार्वजनिक संस्थाहरूमा हुने निर्णय प्रक्रियामा वास्तविक सरोकार वालाको सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता स्थानीयस्तर मा जोडदार रूपमा उठ्न थालेको छ।




शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक

शिरीष खबरपत्रिका साप्ताहिक

शिरीष न्युज

Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# विश्व प्रेस स्वतन्त्रता दिवसको अवसरमा गौशालामा प्रभातफेरी र अन्तरक्रिया , बर्दिवासमा दिप प्रज्वलन

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**वैशाख २० गते, महोत्तरी**



विश्व प्रेस स्वतन्त्रता दिवस (मे ३) का अवसरमा महोत्तरीको गौशाला नगरपालिका-५ स्थित गौशाला बजारमा आइतबार प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ। नेपाल पत्रकार महासंघ महोत्तरीको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न सञ्चार माध्यम तथा सञ्चारसम्बद्ध संघसंस्थामा कार्यरत सञ्चार कर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

'शान्तिपूर्ण भविष्यको निर्माण : मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' भन्ने मूल नारासहित आयोजित प्रभातफेरी गौशाला बजार परिक्रमा गर्दै सम्पन्न भएको हो। सञ्चारकर्मीहरूको सक्रिय सहभागितामा सम्पन्न उक्त कार्यक्रमले प्रेस स्वतन्त्रताको महत्वबारे जनचेतना अभिवृद्धि गर्ने उद्देश्य राखिएको आयोजकले जनाएको छ। प्रभातफेरीपछि आयोजित अन्तरक्रिया कार्यक्रममा 'प्रेस स्वतन्त्रता र वर्तमान पत्रकारिताको अवस्था' विषयमा विस्तृत छलफल गरिएको थियो। कार्यक्रममा वक्ताहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको आधारस्तम्भ भएको उल्लेख गर्दै यसलाई कुण्ठित गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने धारणा व्यक्त गरेका थिए।

नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेश कुमार दासले प्रेस स्वतन्त्रता लोकतन्त्रको आधार स्तम्भ भएको उल्लेख गर्दै यसको संरक्षण र सुदृढीकरण सबै सरोकारवालाको साझा दायित्व भएको बताए। उनले स्वतन्त्र, निष्पक्ष र जिम्मेवार पत्रकारिताले मात्र समाजमा सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गर्न सक्ने भन्दै पत्रकारहरूले पेशागत मर्यादा र आचारसंहिताको पालना गर्नुपर्नेमा जोड दिए। साथै, वर्तमान चुनौतीका बीच पनि सत्य, तथ्य र जनहितमा आधारित पत्रकारिता नै दीगो समाधान हुने धारणा व्यक्त गरे।

वरिष्ठ पत्रकार राकेश प्रसाद चौधरीले प्रेस स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थाको आधारभूत शर्त भएको उल्लेख गर्दै यसको संरक्षण सबैको साझा जिम्मेवारी भएको बताए। उनले निष्पक्ष र जिम्मेवार पत्रकारिताले मात्र समाजमा सत्य र पारदर्शिता स्थापित गर्न सक्ने भन्दै पेशागत आचारसंहिताप्रति सचेत रहन आग्रह गरे।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य राजकरण महतोले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड भएको उल्लेख गर्दै यसलाई कमजोर बनाउने कुनै पनि प्रयास स्वीकार्य नहुने बताए। उनले सुशासन र जवाफदेहिताका लागि जिम्मेवार पत्रकारिता अपरिहार्य भएको धारणा व्यक्त गरे।

प्रदेश समिति सदस्य सुनिता कुमारी महतोले प्रेस स्वतन्त्रता लोकतान्त्रिक अभ्यासको मूल आधार भएको उल्लेख गर्दै यसको संरक्षण सबै सरोकारवालाको साझा जिम्मेवारी भएको बताइन्। उनले पत्रकारितामा निष्पक्षता र सत्यतामा आधारित अभ्यास आवश्यक रहेकोमा जोड दिइन्।

गौशाला नगरपालिका-५ का वडा अध्यक्ष ओम प्रकाश गुप्ताले प्रेस स्वतन्त्रता लोकतान्त्रिक शासन प्रणालीको महत्वपूर्ण आधार भएको उल्लेख गर्दै यसको संरक्षण सबै पक्षको दायित्व भएको बताए। उनले स्थानीय सरकार र सञ्चार कर्मीबीच सहकार्य सुदृढ भएमा विकास र सुशासन प्रभावकारी हुने विश्वास व्यक्त गरे।

कार्यक्रममा विभिन्न सञ्चार माध्यममा आबद्ध पत्रकार तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता रहेको थियो। सहभागीहरूले प्रेस स्वतन्त्रताको संरक्षण, अभिव्यक्ति स्वतन्त्रताको सम्मान तथा पत्रकारिताको गुणस्तर अभिवृद्धिका लागि सामूहिक प्रतिबद्धता व्यक्त गरेका थिए। यसैबीच, विश्व प्रेस स्वतन्त्रता दिवसको ऐतिहासिक पृष्ठभूमिअनुसार युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक सहरमा सन् १९९१ मा सम्पन्न पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसका लागि विन्डहक घोषणापत्र' जारी गरेको थियो।

सोही घोषणापत्रको स्मरणमा संयुक्त राष्ट्रसङ्घले सन् १९९३ देखि प्रत्येक वर्ष मे ३ का दिन विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै आएको हो। आज विश्वभर प्रेस स्वतन्त्रताको महत्वबारे विभिन्न कार्यक्रम, गोष्ठी तथा छलफलमार्फत चर्चा-परिचर्चा भइरहेको छ।

महोत्तरीसहित नेपालका विभिन्न जिल्लामा पनि यस दिवसका अवसरमा विविध कार्यक्रमहरूको आयोजना गरिएको छ।

त्यसैगरी बर्दिवास नगर पत्रकार संजालको आयोजनामा विभिन्न क्षेत्रका सामाजिक व्यक्तित्वहरुको उपस्थितीमा दीप प्रज्वलन तथा एक्यबद्धता प्रदर्शन गरिएकोछ।

# धनुषामा पनि प्रभातफेरी र अन्तरक्रिया




नेपाल पत्रकार महासंघ धनुषाले आइतबार विभिन्न कार्यक्रमको आयोजना गर्दै विश्व प्रेस स्वतन्त्रता दिवस मनाएको छ ।

'शान्तिपूर्ण भविष्यको निर्माण: मानव अधिकार, विकास र सुरक्षाका लागि प्रेस स्वतन्त्रताको प्रवर्द्धन' नारासहित दिवस मनाइएको हो ।

दिवसको अवसरमा महासंघले जनकपुरधाम नगर क्षेत्रमा प्रभातफेरी आयोजना गरी पदयात्रा गरेको थियो ।

सञ्चारकर्मीहरूको सहभागितामा भएको उक्त कार्यक्रमले प्रेस स्वतन्त्रताको महत्वबारे जनचेतना फैलाउने प्रयास गरेको आयोजकले जनाएको छ ।

प्रभातफेरीपछि आयोजित अन्तर क्रिया कार्यक्रममा 'प्रेस स्वतन्त्रता र वर्तमान पत्रकारिताको अवस्था' विषयमा छलफल गरिएको थियो । कार्यक्रममा वक्ताहरूले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता संवैधानिक अधिकार भएको उल्लेख गर्दै यसलाई कुण्ठित गर्ने कुनै पनि प्रयास स्वीकार्य नहुने बताएका थिए ।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी रामभरत साह, राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशका प्रमुख बुद्धनारायण सहनी, महासंघ मधेशका महासचिव शैलेन्द्र महतो, महासंघ धनुषाका उपाध्यक्ष अवधेश कामतलगायतले आ-आफ्नो धारणा राखेका थिए । उनीहरूले लोकतन्त्र सुदृढीकरणका लागि स्वतन्त्र र जिम्मेवार पत्रकारिता अपरिहार्य रहेकोमा जोड दिएका थिए ।

नेपाल सरकार
उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन बमोजीम मिति **२०७४।०५।१२** मा दर्ता भएको प्रा.लि.नं.**१७४०३०** भएको रक्तकाली कन्स्ट्रक्सन एण्ड म्यानेजमेन्ट (प्रा.ली.) को **२०८३।०१।१९** मा सम्पन्न विशेष साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को् दफा १२६ बमोजिम स्वच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय भएकाले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमका लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटर कार्यालयमा हकदाबी गने सम्बन्धमा सबैको जानकारीको लागी यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः गंगा प्रसाद भेटवाल प्र.प.नं.४९८**
**कीर्तिपुर न.पा.वडा न. ०४ ,काठमान्डौ**
**सम्पर्क नम्वरः ९८४३२४५९८२**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केवल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# बर्दिवासको श्रवण थापा हत्या.....

हत्या भएको हुनसक्ने आशंकासहित प्रहरीले मृतककी पत्नी पूजालाई निगरानीमा राखेर अनुसन्धान अघि बढाएको थियो।

त्यही बिचमा हत्यामा संग्लन भएको आरोपमा प्रहरीले सर्लाहीका प्रमोद सिंह र मुकेश साह, रौतहटका ज्ञनारायण महरा र नरेश सहनीलाई पक्राउ गरेको थियो।

उनीहर" पक्राउ परेको थाहा पाउनासाथ मृतककी पत्नी पूजा, सालीहरू निशा र आरती एकाएक फरार भएका थिए। त्यतिबेलासम्म क्रियाकर्म सकिइसकेको थियो।

सुरुमै पक्राउ परेकाहरूले पुजाले पाँच लाख रुपैयाँ सुपारी दिएर श्रवणलाई मार्न लगाएको बयान दिएका थिए। उनीहरूले राति एकान्तमा ढुंगाले टाउकोमा हानेर श्रवणको हत्या गरेको बयान दिएका थिए। अञ्चल अस्पताल जनकपुरमा गरिएको पोस्टमार्टम रिपोर्टले पनि श्रवणको टाउकोमा ढुंगा प्रहार हुँदा मृत्यु भएको देखाएको थियो।

श्रवणले लागुऔषध सेवन गरेर दु:ख दिएकाले हत्या गरेको बयान पुजाले प्रहरीलाई दिएकी छन्।

पूजाले ५ लाख रुपैयाँको सुपारी कबोल गरेपछि आफूहरूले हत्या गरेको तर हत्यापछि ३ लाख रुपैयाँ मात्र दिएको बयान सुटरहरूले प्रहरीलाई दिएका छन्।

लामो अनुसन्धानपछि हत्यारालाई पक्राउ गरेको भन्दै इलाका प्रहरी कार्यालय बर्दिबासका प्रमुख विकास बमलाई महोत्तरी जिल्ला गोदार थापा कार्य समितिले सम्मानसमेत गरेको छ।

काजकिरियापछि श्रवणकी पत्नी, सासु र आमाहरू भागेर भारतको गोआमा पुगेको र यतिका वर्ष त्यही बसोबास गर्दै आएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

डीएसपी बमकै नेतृत्वमा भारतबाट नेपालगन्ज ल्याएर उनीहरूलाई पक्राउ गरिएको हो। बाँके प्रहरीको सहयोगमा पक्राउ परेका उनीहरूलाई बिहीबार महोत्तरी ल्याएर जिल्ला अदालतमा पेस गरिएको छ। जिल्ला अदालतबाट संगठित अपराध तथा कर्तव्य ज्यान मुद्दामा उतिबेलै उनीहरूविरुद्ध पक्राउ अनुमति जारी भएको थियो।

'यो घटनामा जोडिएका मृतककी सासु लक्ष्मी बस्नेत, सालीहरू कोपिला बस्नेत, अनुसा बस्नेत र सोनी बस्नेत तथा सुटर जाल मोहम्मद अझै फरार छन्। उनीहरू पनि चाँडै पक्राउ पर्छन,' डीएसपी बमले भने।

# मधेसका एक युवा SDG (दिगो विकास लक्ष्य) च्याम्पियनको रूपमा सम्मानित

**खबर दर्पण समाचारदाता**
**वैशाख २० गते, बर्दिवास**

संयुक्त राष्ट्र संघद्वारा काठमाडौंको होटल मनाङमा आयोजित एक विशेष कार्यक्रममा मधेसका एक युवा SDG (दिगो विकास लक्ष्य) च्याम्पियनको रूपमा सम्मानित भएका छन्। धनुषाको मिथिला नगर पालिका ८ का सचिन कुमार सिंह SDG च्याम्पियनको रूपमा सम्मानित भएका हुन्।

विश्व सम्मेलन परिषद्‌वारा सञ्चालित 'परियोजना १००' अन्तर्गत विश्वभरबाट छनोट गरिएका १७ उत्कृष्ट पुरस्कार विजेतामध्ये पर्न सफल उक्त सिंहले यो उपलब्धिलाई गर्व र जिम्मेवारीको महत्वपूर्ण क्षणको रूपमा लिएका छन्। उनले यस मान्यताले समुदाय-आधारित पहलमार्फत दिगो विकास लक्ष्यहरूलाई अघि बढाउने आफ्नो प्रतिबद्धतालाई अझ सुदृढ बनाएको बताएका छन्।

सम्मान ग्रहण गर्दै उनले सह-पुरस्कार विजेताहरू, आयोजकहरू तथा यस यात्रामा साथ दिने सबैप्रति हार्दिक आभार व्यक्त गरे। साथै, परिवार, साथीभाइ, सहकर्मी र शुभेच्छुकहरूको निरन्तर साथ, विश्वास र प्रेरणाले नै आफूलाई यहाँसम्म ल्याएको उल्लेख गरे।



कार्यक्रमका क्रममा उनले सुरज गायकवाड र परियोजना १०० टोलीलाई विशेष धन्यवाद दिँदै उनीहरूको मार्गदर्शन र प्रोत्साहनलाई आफ्नो सफलताको महत्वपूर्ण आधार माने।

## बिमालेख हरायो


निम्ननानुसार विवरण भएको एसियन लाईफ इन्स्योरेन्सको विमालेख वेलाबाट लालबन्दी आउने क्रममा हराएको हुँदा नजिकको प्रहरी चौकीमा खबर गरेर सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

तपसील
नाम : रमेश महतो कोइरी
बिमालेख नं. : ६६११०००४४६८
बिमालेख न. ६६११०००४४७५
सम्पर्क : ९८१७००७३५१

## बिमालेख हरायो

निम्ननानुसार विवरण भएको एसियन लाईफ इन्स्योरेन्सको विमालेख वेलाबाट लालबन्दी आउने क्रममा हराएको हुँदा नजिकको प्रहरी चौकीमा खबर गरेर सहयोग गरिदिनुहुन अनुरोध गर्दछु।

तपसील
नाम : सुदिप कुमार महतो
बिमालेख नं. : ६६११०००४१८७
सम्पर्क : ९७४४६५३२७७


मटिहानी नगरपालिका,
महोत्तरी



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बांझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

गौशाला नगरपालिका,
महोत्तरी



## पालिकाको स्थानीयलाई अनुरोध

–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेद्रका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।
–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेद्रको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
–जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।







रामगोपालपुर नगरपालिका,
महोत्तरी

# बर्दिवासमा स्वच्छ उत्पादनलाई बजारीकरणसँग जोड्ने नीतिगत छलफल

**खबर दर्पण समाचारदाता**
**वैशाख २० गते, बर्दिवास**

स्वच्छ उत्पादन अभियानलाई प्रभावकारी रूपमा बजारीकरण सँग जोड्ने र स्वच्छ उत्पादनको पहिचान सुनिश्चित गर्ने उद्देश्यले बर्दिवास नगरपालिकामा शनिबार नीतिगत छलफल सम्पन्न भएको छ। नगर पालिकासँगको सहकार्यमा आयोजित उक्त कार्यक्रममा किसानलाई बजारसँग कसरी जोड्ने र स्वच्छ उत्पादनलाई कसरी पहिचान गर्ने भन्ने विषयमा अन्तरक्रिया तथा विचार विमर्श गरिएको हो।

कार्यक्रममा बर्दिवास नगर पालिकाकी उपप्रमुख तारा देवी महतोले कृषक व्यवसाय पाठशाला मार्फत "सहभागितामूलक सुनिश्चितता प्रणाली (पीजीएस)" कार्यविधि तर्जुमा गरी पर्यावरणीय कृषि उत्पादन तथा बजारीकरण प्रवर्द्धन गरिने बताइन्। उनले स्थानीय स्तरमै स्वच्छ उत्पादनको पहिचान र विश्वसनीयता स्थापित गर्न पीजीएस महत्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गरिन्।

राष्ट्रिय कृषक समूह महासंघ नेपाल प्रदेशको आयोजनामा भएको अन्तरक्रिया तथा विचार विमर्श कार्यक्रममा राष्ट्रिय कृषक समूह महासंघ नेपाल प्रदेशका संयोजक दिलिप कुमार साहले कृषक पाठशालाको अवधारणा, अभ्यास र यसको प्रभावबारे जानकारी दिए। त्यस्तै, महासंघका राष्ट्रिय निर्देशक केदार कोइरालाले सहभागितामूलक सुनिश्चितता प्रणाली (पीजीएस) को सामुदायिक प्रक्रिया, प्राविधिक पक्ष, बजारीकरणका आयाम तथा नीतिगत प्रावधानबारे प्रस्तुतीकरण गरेका थिए।

कार्यक्रममा बर्दिवास नगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत, कृषि तथा पशुपन्छी शाखाका प्रतिनिधि, वडा अध्यक्षहरू तथा कार्यपालिका सदस्यहरूको सहभागिता रहेको थियो।

राष्ट्रिय कृषक समूह महासंघ नेपालले विगत चार वर्षदेखि सिरहा र सप्तरी जिल्लामा केएर नेपालसँगको साझेदारी तथा स्थानीय तहहरूसँगको समन्वयमा कृषक पाठशाला कार्यक्रम सञ्चालन गर्दै आएको छ। उक्त पाठशाला अन्तर्गत स्वच्छ उत्पादन अभियान किसानकै अगुवाइ र सहभागितामा सञ्चालन भइरहेको छ।

कृषक पाठशाला पद्धति खुला सिकाइमा आधारित रहेको छ, जहाँ "किसान नै विज्ञ हुन्" भन्ने मान्यताअनुसार किसानहरूले आफ्नै खेतबारीमा प्रयोग र अनुसन्धानमार्फत सिक्ने अवसर पाउँछन्। स्वच्छ उत्पादनलाई मूल्य श्रृंखलासँग जोड्ने उद्देश्यले सञ्चालन गरिएको यो कार्यक्रम सिरहा र सप्तरीका करिब ५सय कृषक समूहमा कार्यान्वयन भइसकेको छ।

यसबाट प्राप्त सिकाइलाई विस्तार गर्ने क्रममा बर्दिवास नगरपालिकामा एफ.ए.ओ.सँगको साझेदारीमा सञ्चालित वन तथा कृषि सहज कार्यक्रम अन्तर्गत ज्योति सामाजिक उद्यमी महिला सहकारी संस्थासँग कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिएको हो।

बर्दिवास-१० मा सञ्चालन गरिएको पाठशालामा काँक्रा र गोलभेँडाको प्रदर्शनी स्थल स्थापना गरिएको छ। उक्त स्थललाई खुला सिकाइ केन्द्रका रूपमा विकास गर्दै किसानहरूबीच सिक्ने-सिकाउने प्रक्रिया अगाडि बढाइएको छ। यहाँ प्राप्त ज्ञानलाई किसानहरूले आफ्ना खेतबारीमा प्रयोग गर्दै स्वच्छ उत्पादन अभियानमा सक्रिय सहभागिता जनाइरहेका छन्।

ज्योति सामाजिक उद्यमी महिला सहकारी संस्थाकी अध्यक्ष चनवती श्रेष्ठका अनुसार करिब १३ सय घरधुरी सदस्य रहेको यो सहकारीले पर्यावरणीय कृषि प्रवर्द्धनमा अग्रसर हुने अवसर पाएकोमा खुशी व्यक्त गरिन्। उनले स्वच्छ उत्पादन अभियानलाई सफल बनाउने प्रतिबद्धता जनाउँदै महासंघप्रति आभार व्यक्त गरिन्।



स्थानीय स्तरमै उत्पादन, पहिचान र बजारीकरणलाई जोड्ने यस अभियानले मानव स्वास्थ्य, जैविक विविधता र माटोको उर्वराशक्ति संरक्षणमा सकारात्मक योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**

"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ।"

**मिथिला नगरपालिका, धनुषा**

आधुनिक तथा अर्गानिक (जैविक) कृषि आजको समयमा अत्यन्त महत्वपूर्ण विषय हो । यसले किसानको आय वृद्धि, वातावरण संरक्षण र उपभोक्ताको स्वास्थ्य सुधारमा ठूलो भुमिका खेल्छ। आधुनिक कृषि भनेको नयाँ प्रविधि, वैज्ञानिक विधि र यन्त्रहरुको प्रयोग गरेर उत्पादन बढाउने कृषि प्रणाली हो ।

**मुख्य विशेषताहरु :**
- ☞ आधुनिक मेसिन (टयाक्टर, थ्रेसर आदि) को प्रयोग
- ☞ सिंचाइ प्रणाली (डिप, स्प्रिकलर)
- ☞ कृषि एप र मौसम जानकारीको उपयोग

**फाइदाहरु :**
- ☞ उत्पादनमा वृद्धि
- ☞ समय र श्रम बचत
- ☞ व्यावसायिक खेतीको विकास
- ☞ अर्गानिक कृषि भनेको रासायनिक मल र विषादीको प्रयोग

**मुख्य विशेषताहरु :**
- ☞ गोबर मल, कम्पोष्ट, हरियो मल प्रयोग
- ☞ जैविक कीटनाशक (नीम, झोलमल आदि)
- ☞ प्राकृतिक चक्रको संरक्षण

**फाइदाहरु :**
- ☞ स्वस्थ र सुरक्षित खाद्यान्न
- ☞ माटोको उर्वराशक्ति वृद्धि
- ☞ वातावरण संरक्षण

आधुनिक र अर्गानिक कृषि दुबैको सन्तुलित प्रयोगले दिगो कृषि विकास सम्भव हुन्छ। किसानले वातावरणमैत्री प्रविधि अपनाएर उत्पादन र स्वास्थ्य दुबै सुरक्षित गर्न सक्छन् ।

अनुरोधकर्ता :
**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- ➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ➤ ICU, NICU, PICU सेवा
- ➤ X-Ray, USG, CT Scan सेवा
- ➤ Endoscopy/Diode Laser सेवा
- ➤ Laproscopy सेवा
- ➤ क्याबिनको समेत व्यवस्था भएको
- ➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- ➤ 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,